# जोरायल गाउँपालिका डोटीको
## सार्वजनिक सुनुवाइ कार्यक्रम
(आ.व.२०७९/०८०)

## कार्यक्रम प्रतिवेदन

**सहजीकरण :**
नजर मिडिया प्रा.लि.
सिलगढी, डोटी

**आयोजक :**
जोरायल गाउँपालिका
रावतकट्टे, डोटी

**पृष्ठभूमि :**

हरेक सार्वजनिक निकायहरुले पारदर्शी र जवाफदेही हुन सकेमा मात्र सुशासन कायम हुनसक्छ । अन्यथा सुशासन कायम गर्न समस्या हुन्छ भन्ने कुरालाई ध्यानमा राख्दै सरकारले हरेक सार्वजनिक निकायहरुले अनिवार्य रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने नीतिगत तथा कानुनी व्यवस्था गरेको छ । सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र नियमावली २०६५ ले सार्वजनिक निकायहरुले प्रत्येक चार महिनामा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) ले स्थानीय तहले सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता विधिहरुको प्रयोग गरि पारदर्शीता कायम गर्नुपर्ने कुरामा जोड दिएको छ । यस्तै स्थानीय तहको सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना, २०७४ ले स्थानीय तहहरुले आफै कानून बनाई सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ ।

यही नीतिगत व्यवस्था अनुसार जोरायल गाउँपालिका, डोटीले सार्वजनिक सुनुवाई कार्यविधि, २०७८ तयार गरि प्रयोगमा ल्याएको छ । गाउँपालिकाले पारित गरेको कार्यविधिमा वर्षमा तीन पटक फरक-फरक ठाउँमा सार्वजनिक सुनुवाई गर्नेपर्ने व्यवस्था गरेको भए पनि विविध कारण पहिलो र दोश्रो चौमासिकमा गाउँपालिकाले सार्वजनिक सुनुवाई गर्न सकेन भने तेश्रो चौमासिकमा सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ । आर्थिक वर्षभरीका सवै गतिविधिहरुको सुनुवाई गर्ने गरि गरिएको उक्त सार्वजनिक सुनुवाईमा आएका कुराहरुलाई लिपीबद्ध गरी सम्वन्धित निकायहरुसम्म पुऱ्याउने एवं कमीकमजोरीहरु सुधारका लागि कार्ययोजना निर्माण गर्न सहयोग पुऱ्याउने उद्देश्यले यो प्रतिवेदन तयार गरिएको हो ।

**कार्यक्रमको लक्ष :-** सार्वजनिक सुनुवाई कार्यक्रम गरी जनताका गुंनासा तथा जिज्ञासाहरुको उत्तर सम्वन्धित क्षेत्रकै सरोकारवालाहरुबाट दिन लगाउने ।

**कार्यक्रमको उद्देश्यहरु :-**

१) सार्वजनिक सुनुवाई गरी जनताका समस्याहरुलाई सम्वन्धित निकायमा पुऱ्याउने ।
२) जनताका समस्या, जिज्ञासा र गुनासाहरु समाधान गर्नका लागि सरोकारवाला सेवाप्रदायकका प्रतिनिधिबाट जवाफ दिन लगाउने ।
३) जनताको सेवामा सरोकारवाला निकायलाई जवाफदेही बनाउने ।

**सार्वजनिक सुनुवाई कार्यक्रमका चरणहरु :**

**क) सार्वजनिक सुनुवाई पूर्वको चरण (तयारी चरण) :**

१. **नागरिक प्रतिवेदन पत्र तयारी :** जोरायल गाउँपालिकामा सेवा लिन आएका व्यक्तिहरुसँग सेवाको गुणस्तर, सेवाप्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि उनीहरुको घरमै गएर ३० जना व्यक्तिहरुसँग नागरिक प्रतिवेदनका लागि सूचना संकलन गरिएको थियो । सेवाग्राहीहरुले दिएको प्रतिक्रियाका आधारमा नागरिक प्रतिवेदन पत्र तयार गरि सार्वजनिक सुनुवाईमा प्रस्तुत गरिएको थियो । कर्मचारीहरु र जनप्रतिनिधिहरु प्रतिका

सेवाग्राहीका गुनासाहरु समेत समावेश गरि तयार गरिएको प्रतिवेदनमा सार्वजनिक सुनुवाईका क्रममा सम्वन्धित जवाफदेही वक्ताहरुले आफ्नो प्रतिक्रिया दिएका थिए ।

२. **मिति, समय र स्थान निर्धारण :** यस चरण अन्तरगत सार्वजनिक सुनुवाईका लागि मिति, समय र स्थानको निर्धारण गरि सेवाग्राही तथा सरोकारवालाहरुलाई सार्वजनिक सूचना जारी गरिएको थियो । सार्वजनिक सुनुवाईका लागि सरोकारवाला र सेवाग्राहीहरुलाई पत्राचार, पालिकाको वेवसाइट र आधिकारिक फेसबुक पेजमा सूचना प्रकाशन तथा एफएम र अनलाइनमार्फत सूचना प्रकाशन/प्रसारण गरी आमन्त्रण गरिएको थियो ।

३. **बहिर्गमन मत संकलन :** जोरायल गाउँपालिकामा सेवा लिन आएका व्यक्तिहरुँग सेवाको गुणस्तर, सेवा प्रदायकको व्यवहार, सेवाग्राहीले सेवा लिन लागेको समय, सेवाग्राहीको सन्तुष्टि तह लगायतका प्रश्नहरु समावेश गरि ३० जना व्यक्तिहरुसँग बहिर्गमन मत संकलन गरिएको थियो । बहिर्गमन मतबाट आएको सेवाग्राहीहरुको सन्तुष्टि तहको बिषयमा पनि गाउँपालिकाको सार्वजनिक सुनुवाई कार्यक्रममा प्रतिवेदन सार्वजनिक गरी छलफल भएको थियो ।

**ख) कार्यक्रम चरण (सार्वजनिक सुनुवाई सञ्चालन चरण) :**

यस चरणमा सार्वजनिक सुनुवाई सञ्चालन गरिएको थियो । बिहा ११ बजे सुरु गर्ने भनिएको भएपनि सेवाग्राहीहरु र प्रमुख जवाफदेही वक्ताहरु ढिलो गरि आउनु भएको र मौसम प्रतिकुलता कारण समेतले निर्धारित समयभन्दा केही ढिलो गरि कार्यक्रम शुरु भएको थियो । शुरुमा कार्यक्रमको सञ्चालन पत्रकार झलक बहादुर पालीले गर्नुभएको थियो । कार्यक्रमको सहजीकरण पत्रकार कर्ण बहादुर चन्दले गर्नुभएको थियो । त्यसपछि गाउँपालिकाको कार्यालयका तर्फबाट योजना अधिकृत चन्द्रसिंह ऐडी र शिक्षा युवा तथा खेलकुद शाखा प्रमूख तेजबहादुर खत्रीले कार्य प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो । यस चरणमा सेवाग्राही र सेवाप्रदायकबीच खुला छलफल गरिएको थियो । छलफलमा उठेका सवालहरुको सम्वन्धित सरोकारवाला व्यक्तिहरुले जवाफ दिएका थिए ।

**औपचारिक कार्यक्रम सम्वन्धि विवरण**

अध्यक्षता : दुर्गादत्त ओझा (जोरायल गाउँपालिका अध्यक्ष तथा प्रमूख जवाफदेही वक्ता)

आशन ग्रहण (जवाफदेही वक्ताहरु) :

जमुना बोहरा (उपाध्यक्ष)
गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)
वडाध्यक्षहरु (वडा नं. १ देखि ६ सम्मका सबै)
विभिन्न विषयगत शाखाका प्रमुखहरु

**सुनुवाइ गरिएका विषयवस्तुहरु :**

क) नीति, कार्यक्रम, बजेट र कार्यान्वयनको अवस्था ।
ख) सुशासन
ग) विकास निर्माण

घ) दैनिक प्रशासनिक कार्य

ङ) सेवा प्रवाहको अवस्था

च) लक्षित समुदाय विकास कार्यक्रम

छ) आयआर्जन/सीप विकास

**सार्वजनिक सुनुवाई पश्चातको चरण (समिक्षा तथा कार्ययोजना निर्माण चरण) :**

यस चरणमा सार्वजनिक सुनुवाई चरणको समीक्षाका साथै उक्त चरणमा आएका जिज्ञासाहरु, गुनासाहरुलाई सम्वोधन गर्नका लागि के गर्न सकिन्छ भन्ने विषयमा छलफल भएको थियो ।

**कार्यक्रम आयोजना स्थल :** जोरायल गाउँपालिकाको सभाहल ।

**कार्यक्रम आयोजना गरिएको मिति र समय :** वि.सं. २०८० साल साउन ०७ गते ।

**कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) :** ३ घण्टा ।

**सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका प्रश्न, जिज्ञासा र उत्तर :**

| प्रश्नकर्ताको नाम | सोधिएको प्रश्न/जिज्ञासा | उत्तरदाताको नाम/पद | दिईएको जवाफ |
|---|---|---|---|
| सोभान साउँद | २ करोड भन्दा बढी रकम के कारणले फ्रिज भयो ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | कर्मचारीको तलव हो/शसर्त अनुदान काटिएको हो । काम नगर्ने उपभोक्ता समिति वा ठेकेदारको पैसा खर्च हुँदैन । जति काम भएको छ, त्यति नै हुन्छ । |
| | | गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) | बजेट फ्रिज<br>– चालुतर्फको शसर्त अनुदान १ करोड ७५ लाख<br>– शिक्षकको तलव<br>– २ करोड ७६ लाख ३५ हजार फ्रिज भएको छ । |
| | युवाहरु कहिलेसम्म विदेश पलायन हुने ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | धेरै युवाहरुलाई रोजगारी दिएका छौं । एक वर्षमा १०/१५ जनालाई रोजगार दिएका छौं । चालु आर्थिक वर्षमा पनि युवाहरुलाई लक्षित गरि ८ लाख बजेट विनियोजन भएको छ । |
| | बुडर–जोरायल सडक कसको कारण निर्माण हुन सकेन ? | | यो प्रदेश सरकारको बजेटबाट निर्माण हुन लागेको सडक हो । यसमा आधिकारिक रुपमा कसले ठेक्का लगायो, कसले निर्माण |

| | | | |
|---|---|---|---|
| | | | गर्दैछ, कहिले पुरा हुनु पर्ने हो भन्ने हामीलाई कुनै जानकारी छैन । तर, हामीले सडक निर्माण छिटो हुनुपर्छ भनेर सम्बन्धित निकायलाई पटक-पटक दवाव दिईरहेका छौं । |
| | बजेट कार्यकर्तामुखी भयो । | | कार्यकर्तामूखी बजेट छैन । |
| | योजनाको रकम भुक्तानी लिन आउँदा प्राविधिकलाई घुस दिनुपर्ने किन हो ? | नरेश कुमार भट्ट (ईन्जिनियर) | प्राविधिकलाई दिए भन्ने शत प्रतिशत झुटा हो । उपभोक्ता समितिले काम गर्दैनन्, तर क्वाण्टिटी बढाईदिनुपर्छ भन्छन् । त्यसो हुन्न भन्दा पैसा माग्यो भनेर भन्छन् । |
| | कृषि अनुदान वास्तविक किसानलाई किन दिईदैन ? | चन्द्र बहादुर सार्की (कृषि शाखा प्रमुख) | हामीले अनुदानका लागि सूचना सार्वजनिक गरी आवेदन आव्हान गर्छौं, सो आधारमा केही शर्तहरु तोकिएका हुन्छन् र ति शर्त पुरा गरेका वास्तविक किसानले मात्रै अनुदान पाउँछन् । किसानभन्दा बाहिर कसैलाई पनि अनुदान दिइएको छैन । |
| | गुणस्तरीय शिक्षा किन हुन सकेन ? | तेज बहादुर खत्री (शिक्षा शाखा प्रमुख) | विगतको तुलनामा शिक्षाको गुणस्तरमा सुधार भएको छ । हामी प्रयासरत छौं, शिक्षकको दरबन्दी मिलान गरेर जहाँ बढी विद्यार्थी छन्, त्यहाँ पठाएका छौं, विद्यालय गाभ्ने विषयमा छलफल भईरहेको छ । विगतको भन्दा राम्रो सुधार भएको छ । शिक्षामा नतिजा देखिन समय लाग्छ । जसमा हामी अँझै प्रयासरत छौं । |
| | भ्रष्टाचार नियन्त्रण कति गर्नु भयो ? | गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) | कहीं कतै भ्रष्टाचार भएको तपाइले थाह पाउनु भयो भने प्रमाण सहित आउनु होला, तत्काल कारवाही हुन्छ । |
| | कर्मचारीहरु आफ्ना नाता गोता कति भर्ना गर्नुभयो ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | जोरायल गाउँपालिका भरीका सबै मेरा आफ्नै |

| | | | |
|---|---|---|---|
| | | | नातागोताका हुन्, आफ्नै गाउँबासी हुन् । तपाइहरुले प्रष्टै देख्नु भा छ नि कर्मचारीहरु को-को छन् भनेर । गाउँपालिकाका अध्यक्ष वा उपाध्यक्षलाई मन परेको मान्छे राखेको होइन, योग्य मान्छे राखिएको छ । |
| | गाउँपालिकाका सवारी साधनको खर्च विवरण सार्वजनिक गर्नुपर्छ नि ? | गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) | खर्च विवरण सबै सार्वजनिक गरेका छौं । |
| | जातीय विभेद तथा छुवाछुत नियन्त्रण गर्न के के कार्यक्रम ल्याउनुभयो ? | जमुना बोहरा (गा.पा. उपाध्यक्ष) | जातीय छुवाछुत, लैङ्गिक हिंसा लगायतका सामाजिक कुरीतीहरु विरुद्ध गाउँपालिका, प्रहरी र अन्य सरोकारवालाले संयुक्त रुपमा सचेतनामूलक कार्यक्रम गरेका छौं । |
| | लेखापाल र कार्यालय प्रमुख कार्यालयमा सँगै किन हुँदैनन ? | गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) | यसमा त्यति सत्यता छैन, हामी यतै हुन्छौं । कुनै बेला तालिम परेपछि मात्रै हामी बाहिर जानुपर्ने हुन्छ । |
| | महिला र एकल महिलाका लागि के कस्ता कार्यक्रम ल्याउनु भएको छ ? | जमुना बोहरा (गा.पा. उपाध्यक्ष) | महिलाहरुलाई आयआर्जनका लागि उद्यमशीलता तालिम सञ्चालन भएका छन् । बाखा व्यवसायी तालिम सञ्चालित छन् । प्रत्येक वर्ष २०/२५ जना महिलालाई बाखा वितरण गर्ने गरेका छौं । |
| कमलेश कुमार मल्ल | जोरायलका दुइ वटा गाड (नदि) मा तत्काल पुल निर्माण गर्नेपर्ने देखिन्छ । तर किन भएन ? | दुर्गादत्त ओभा (गा.पा. अध्यक्ष) | गाउँपालिकाको बजेटले खोलामा पुल हाल्न सम्भव छैन, यसका लागि हामीले प्रदेश र संघीय सरकारलाई आग्रह गरेका छौं । हामी प्रयासरत छौं । |
| | आँटी सडक मर्मत किन भएन ? | नरेश कुमार भट्ट (इन्जिनियर) | सडक गाउँसम्म जोडिएको छैन । त्यसकारण मर्मत भएको होइन । |
| | जंगली जनावर रोक्न के गर्न सकिन्छ ? | दुर्गादत्त ओभा (गा.पा. अध्यक्ष) | यसमा समस्या छ । यस विषयमा वन कार्यालयका |

| | | | |
|---|---|---|---|
| | | | कर्मचारीहरुसंग छलफल भईरहेको छ। केन्द्रैबाट नीतिगत सुधार गर्नुपर्छ। |
| | लम्फी स्किनबाट गाउँपालिकामा कति जनावर मरे ? | सुरत वादी (पशु सेवा शाखा प्रतिनिधी) | १२०० पशुपंक्षीको उपचार भएको छ। |
| | मदिरापान गर्नेहरुलाई लाईसेन्सको व्यवस्था गर्न सकिन्छ कि ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | राम्रो सुझाव दिनुभएको छ, । |
| | दिगो विकासका लागि गाउँपालिकाका ठोस लयोजनाहरु के-के हुन ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | हामीले सञ्चालन गरिरहेका योजनाहरु ठोस् नै छन्, भौतिक पूर्वाधारमा लगानी, जनताको जीवनस्तर उकास्ने गरि आयआर्जन तथा सीप विकासका लागि, पर्यटन प्रवर्द्धनमा लगानी यि सबै कुरा दिगो विकासकै लागी भईरहेका छन्। |
| | युवा लक्षित कार्यक्रम के-के भए ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | कृषिमा अनुदान, पर्यटन प्रवर्द्धन, सीप विकास तालिम लगायतका क्रियाकलापहरु भएका छन्। |
| डिल बहादुर रावल | एम्बुलेन्सको परिस्थिति के हुने ? कसरी सञ्चालन गर्ने ? राम्रोसंग चलाउनु पऱ्यो ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | एम्बुलेन्स अब राम्रैसंग चल्छ। विचमा बाटोको कारण र अन्य केही कारणले समस्या आएको हो, अब नयाँ पनि आयो राम्रैसंग चल्छ। |
| | न्यायिक समितिमा के कस्ता काम भएका छन् ? | जमुना बोहरा (गा.पा. उपाध्यक्ष) | १५ वटा उजुरी परेका थिए। सबै फछ्यौंट भएका छन्। |
| शिव ओली (पत्रकार) | प्राविधिकले घुस खाने कुरा पटक-पटक उठ्छ, कहिलेसम्म सुधार हुन्छ ? | गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) | यस्तो छैन, प्राविधिकले घुस माग्ने गरेको हैन, यो आरोप मात्रै हो। यदि कसैले कसैलाई घुस दिएको भए प्रमाण सहित आउनुहोला तत्काल कारवाही हुन्छ। |
| | तालिम लिएका महिलाहरुलाई स्वरोजगार कसरी बनाउन सकिन्छ ? | जमुना बोहरा (गा.पा. उपाध्यक्ष) | सवैले त गरेका छैनन् तर केहीले काम गरेका छन्, राम्रो आम्दानी पनि भईरहेको देखिन्छ। |
| | एसइइको नतिजा | तेज बहादुर खत्री | विद्यालय शिक्षा सुधारको |

| | | | |
|---|---|---|---|
| | कहिलेसम्म सुधार हुन्छ ? | शिक्षा शाखा प्रमूख | प्रक्रिया अगाडि बढेको छ । अब नतिजामा पनि राम्रो आउँछ । यसपालीको नतिजा पनि गत वर्षको भन्दा राम्रो भएको छ । |
| घनश्याम ओली | हरेक जानकारी दिन गाउँपालिकाको प्रवक्ता सक्रिय हुनुपर्छ । | नन्दराज भट्ट (गा.पा. प्रवक्ता) | आत्मसात गर्छु । तर सक्रिय हुनुको अर्थ फेसबुकमा प्रतिक्रिया दिएर मात्रै हुने हो भने म भोलीदेखि जोडिनेछु । |
| | गाउँपालिकाले प्रेस सल्लाहकार राख्नु पर्‍यो ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | यस विषयमा पहिले पनि छलफल त भएको छ, सुझावका लागि धन्यवाद । हामी अब कार्यपालिका बैठकमा छलफल गरौंला । |
| कमलेश मल्ल | घरेलु मदिराको व्यापारलाई करको दायरामा ल्याउनु पर्छ । | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | हामीले पनि सोचेका थियौं । तर नेपालको कानुन अनुसार त्यो नमिल्ने रहेछ । त्यसैले पनि हामी ब्याक भएका हौं । |
| | बाढीपिडितको पैसा आएको छैन, किन आएन ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | गाउँपालिकाबाट गर्नुपर्ने सबै प्रक्रिया पुरा गरेका छौं, प्रदेशबाट र संघबाट आउनु पर्ने रकम आएको छैन । यस विषयमा जोरायलबासीहरुले संघीय सांसद र प्रदेश सांसदलाई पनि भन्नु पर्‍यो । नजिकको सरकार भएका कारण हामीलाई गुनासो गर्नु स्वभाविकै हो । तर उहाँहरुलाई कुनै गुनासो नै नगर्ने, आएको बेला उल्टो फुलमालाले स्वागत गर्ने, तर आफ्ना कुरा नराख्ने भन्ने कुरा हुँदैन । |
| | कागजातहरु पुर्‍याउँदा पुर्‍याउँदै पनि बेरुजु आउनुको कारण के हो ? | गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत) | बेरुजू आउनुका विभिन्न कारणहरु छन्, कतै कागजात नपुगेको पनि बेरुजू आउँछ, कतै समयमै काम सम्पन्न भएको पनि बेरुजू आउँछ, कतै समयमै पेश्की फछ्यौंट नगरेका कारण पनि बेरुजू |

| | | | |
|---|---|---|---|
| | | | आउँछ, कतै नियम विपरित भएका कारण पनि बेरुजू आउँछ । |
| लोक बहादुर बोहरा | समुदायिक वनहरुले कति आम्दानी गरेका छन, पालिकामा केही हिसाब किताब छ ? | दुर्गादत्त ओझा (गा.पा. अध्यक्ष) | राम्रो कुरा उठाउनु भयो, यस विषयमा हालसम्म त्यस्तो खोजी भएको छैन । |

**सार्वजनिक सुनुवाईमा आएका सुझावहरु :**

- कार्यालय परिसरमा पार्किङ्गको व्यवस्था नभएको
- बाटो सुधार नभएको (सबै वडासम्म नियमित गाडी नचलेको)
- लेखा अधिकृत र लेखापाल नभएकोले छिटो कर्मचारी ल्याउनुपर्ने ।
- अनुगमन समिति धेरै ठूलो भएकोले संख्या घटाउनुपर्ने ।
- योजनाहरु जेठ मसान्तसम्म निर्माण गरिसक्ने गरि सम्झौता गर्नुपर्ने ।
- कर्मचारीको नियुक्ती निश्पक्ष हुनुपर्ने ।
- कार्यालयमा ईन्टरनेट प्रभावकारी बनाउनुपर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई कार्यकक्षसम्म सहजै पुग्ने व्यवस्था मिलाउनु पर्ने ।
- प्रविधिको पहुँच बृद्धि गर्नुपर्ने ।
- जेष्ठ नागरिक सेवाग्राहीका लागि विश्राम कक्षको व्यवस्था हुनुपर्ने ।
- कार्यालयको वेवसाईट नियमित अपडेट हुनुपर्ने ।
- कानून नीतिहरु राजपत्रमा प्रकाशन भएपछि मात्र लागु गर्नुपर्ने ।
- विकास निर्माणमा जनसहभागिता बढाउनुपर्ने ।
- योजनाको भुक्तानी दिंदा अनावश्यक झन्झट गर्न नहुने ।
- कार्यालयमा हुने ढिलासुस्ती हटाउनु पर्ने ।
- गाउँपालिकाका अध्यक्ष ज्यूसंग भेट नहुने गरेकोले जनसम्पर्क बढाउनुपर्ने ।
- प्राथमिक स्वास्थ्य केन्द्रमा बिरामीका लागि वेड संख्या बढाउनुपर्ने ।
- प्रमुख प्रशासकीय अधिकृत र लेखापालले समय मिलाएर मात्रै बाहिर जानु पर्ने ।
- सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण जस्ता कार्यक्रम समयमै सञ्चालन गरिनुपर्ने र फरक फरक ठाउँमा सञ्चालन गरिनुपर्ने ।

**अघिल्लो सार्वजनिक सुनुवाइका सुझाव तथा कार्यान्वयनको अवस्था :**

जोरायल गाउँपालिका डोटीको आ.व.२०७८/०७९ मा सम्पन्न सार्वजनिक सुनुवाइ कार्यक्रममा प्राप्त सुझाव अनुसार दलित, जनजाती, महिला, बालबालिका, अपाङ्ग लगाएत सेवाबाट वञ्चितीकरणमा परेका समुदायको सार्वजनिक सुनुवाइमा सहभागिता बढाउन पत्राचार, माइकिङ्ग जस्ता विधी अपनाउनुपर्ने रहेकोमा यस

आ.व.२०७९/०८० मा गाउँपालिकाको वेवसाइट, आधिकारिक फेसबुक पेज, एफएम, अनलाइन पत्रिकामा सूचना प्रकाशन तथा प्रसारण गरिएको छ ।

**अन्त्यमा,**

सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता औजारको प्रयोग गरी सुशासन, पारदर्शिता, जवाफदेहिता, रचनात्मक सुझाव सहितको मार्गदर्शन र आगामी कार्ययोजना निर्माण तथा कार्यान्वयनमा महत्वपूर्ण सहयोग पुग्ने गर्दछ । जोरायल गाउँपालिकाले आर्थिक. वर्ष ०७९/०८० को सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न गरेको छ । सार्वजनिक सुनुवाईमा महत्वपूर्ण सुझावहरु आएका छन । ति सुझावहरुको कार्यान्वयन गर्नमा गाउँपालिकाको महत्वपूर्ण जिम्मेवारी रहेको छ । जनताका गुनासाहरु सम्बोधन गर्न सके मात्र सुशासन कायम हुनसक्छ भन्ने कुरा हामी सबैले बुझ्नु जरुरी छ ।

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजीकरण गर्ने अवसर नजर मिडिया प्रा.लि.डोटीलाई प्रदान गर्नुभएकोमा जोरायल गाउँपालिकाप्रति हार्दिक आभार व्यक्त गर्दछौं । साथै कार्यक्रमलाई सजिलो बनाउनमा सहयोग गर्नु हुने गाउँपालिका अध्यक्ष दुर्गादत्त ओझा, उपाध्यक्ष जमुना बोहरा, प्रमुख प्रशासकीय अधिकृत गणेशदत्त भट्ट, ६ वटै वडाका वडाध्यक्षहरु, जनप्रतिनिधिहरु, शाखा प्रमुखहरु, कर्मचारीहरु र सम्पूर्ण सहभागि महानुभावहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

....................
रामहरि ओझा
(प्रतिवेदक)

जोरायल गाउँपालिका डोटीको आ.व.२०७९/०८० को सार्वजनिक सुनुवाइ कार्यक्रमका फोटोहरु :




*सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्नुहुँदै जोरायल गाउँपालिकाका अध्यक्ष श्री दुर्गादत्त ओझा ।*




*सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागिहरु ।*

Najar Media Pvt. Ltd.
Dipayal Silgadhi-6 Doti